## बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
**धादिङबेसी, धादिङ।**

## उत्पादनमा प्रविधि एवं यन्त्र उपकरण सहयोग कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशितः मिति २०७९/११/०७ गते**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा प्रविधि एवं यन्त्र सहयोग कार्यक्रममा यस जिल्ला भित्रका मापदण्ड पुरा गरेका इच्छुक **पशुपालक कृषक समूह, सहकारी, निजि फर्म/उद्यमी**ले यो सूचना प्रकाशित मितिले ३० (तीस) दिन (मिति २०७९/१२/०६ गते) भित्र कार्यालय समयमा आइपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङमा आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरुलाई कार्यक्रममा समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**<u>तपशिलः</u>**

१. रु. १०।- को टिकट टाँस गरेको **अनुसूची २ बमोजिमको निवेदन**मा अनुसूची-६ को (ख) मा उल्लेखित पशुपन्छी तथा मत्स्यजन्य यन्त्र उपकरण मध्ये प्राप्त गर्न चाहेको यन्त्रहरुको सम्पूर्ण विवरण,
२. अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र,
३. मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
४. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. संस्था नविकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
६. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
७. संस्थाको हकमा निर्णयको प्रतिलिपी र आवेदन प्रक्रियाको लागी जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
८. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १ प्रति।

**पुनश्चः कृषि यन्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७९ कृषि तथा पशु पन्छी विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडाको वेवसाईट https://molmac.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।**

कार्यालय प्रमुख